सम्मानीत गाउँसभाका अध्यक्ष, प्रमूख अतिथि, पूर्व सहायक मन्त्री ज्यू, निवर्तमान उपाध्यक्ष, गाउँसभा सदस्य, निवर्तमान वडा अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रमूख एवम् प्रतिनिधि ज्यूहरू, संघ संस्थाका प्रमूख तथा प्रतिनिधि ज्यूहरू समाजसेवी तथा वुद्धिजीविहरू, पत्रकारहरू, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरू सभामा उपस्थित तथा प्रत्यक्ष रडियो प्रसारण बाट सुनिरहनु भएका सम्पूर्ण आमा,बुवा, दाजुभाइ तथा दिदी बहिनीहरु,

नेपालको संविधान र स्थानिय सरकार सञ्चालन एन २०७४ मा व्यवस्था भए बमोजिम गाउँ कार्यापालिकाको तर्फबाट आर्थिक बर्ष २०८१/ ८२ को निति तथा कार्यक्रम यस गाउंपालिकाको यस सम्मानित सभामा पेश गर्न पाउँदा गौरवान्वित भएको महसुस गरेको छु। वार्षिक निति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने राजनितिक दल, संस्थापक जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्था, उद्योगि व्यवसायि ,नागरिक समाज ,बौद्धिक वर्ग लगायतका सरोकारवाला निकायहरु तथा सम्पुर्ण गाउँपालिकावासि आमाबुवा, दाजुभाइ तथा दिदि बहिनिहरुलाई हार्दिक आभार सहित हामि सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस गौरवपुर्ण अवसरमा राष्ट्रहित लोकतन्त्र र अग्रगामि परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएको एतिहासिक जनयुद्ध जनआन्दोलन मधेशआन्दोलन लगाएत विभिन्न आन्दोलनको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाइ स्मरण एवम् तथा वेपत्ता घाइते र पीडित नागरिकहरुलाई उच्च समान भाव व्यक्त गर्दै सम्पूर्ण ज्ञात तथा अज्ञात शहिदहरुप्रति भावपूर्ण श्राद्धान्जली अर्पण गर्दछु।

जनताको प्रतिष्प्रर्धात्मक बहुदलिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्वयस्था सहितको अग्रगामि परिवर्तन ल्याउन भौतिक, अभौतिक रुपमा योगदान गर्नुहुने सम्पुर्ण आम नागरिक, राजनिकतिक दल, नागरिक समाज .सञ्चार जगत ,लेखक ,विद्यार्थी ,शिक्षक, कर्मचारी, कुटनितिक नियोग, गैर सरकारी संघ संस्थाहरु र अन्तराष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै नमन का साथै कृतज्ञता व्यक्त गर्न चाहान्छु । संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्सचना पश्चात संविधानत गठित स्थानिय सरकारले दोस्रो कार्यकालको दोस्रो बर्ष व्यतित गरिसकेको छ। नेपालको संविधानतको अनुसुचि ८ मा उल्लेखित स्थानिय तहको एकल अधिकार सुचि र अनुसुचि ९ मा उल्लेखित संघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सुचि भित्र रहेर स्थानिय सरकार सञ्चालन एन २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरुप नेपालि जनताको दिगो शान्ति ,सुशासन, विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न परिवर्तन गाउँपालिकाले आफ्नो राजनितिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाइ संवोधन गर्दै वृहत्तर हित र कल्याणकारी व्यवस्था मार्फत शासकिय सन्तुष्टि प्रदान गर्नु ,जनताका साना देखि ठुला समस्याहरुको

हल खोज्नु, स्थानिय तहमा नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानिय रुपमा उपलब्ध स्रोत साधानको अधिक भन्दा अधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरीकको जिबिकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानिय सरकारले काम गर्नुपर्ने शासकिय जिम्मेवारी रहेको छ । उक्त शासकिय जिम्मेवारीलाई मिहिन ढङ्गले निर्वाचित जनप्रतिनिधिको टिमले सहकार्य समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै तीन तहको सरकार बीचमा उपलब्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रबिन्दुमा राखेर काम गरिरहेको व्यवहोरा यस सम्मानित सभा मार्फत आम नागरिकलाई अवगत गराउन चाहान्छु।प्रशासनिक संयन्त्रको कमि ,वित्तिय श्रोतको न्युन उपलब्धता, उच्च जनआकाङक्षा कारणले जनअपेक्षाकृत हिसाबले उपलब्धता हासिल गर्न नसकेको शासवत सत्य नै हो । तथापी वर्तमान सन्दर्भमा स्थानिय तहको संस्थागत सबलिकरण र सुदृढिकरणमा सकारात्मक देखिएको, स्रोत परिचालन भएको, आवश्यक कानुनहरु प्रयाप्तता, अनुभवि र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिबद्ध र उर्जाशिल जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिका साथै सुचना प्रविधिको विकास र यसको प्रयोग ले गर्दा अबका दिनहरुमा जनताको ईच्छा र चाहानाहरुलाई पुरा गर्न परिवर्तन गाँउपालिका सक्षम रहेको प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु ।

स्थानिय तहलाई संविधानत राजनितिक आर्थिक र प्रशासनिक अधिकार निक्षेपन गरिएको अवस्थामा स्थानिय निर्वाचन पश्चात गठित राजनिति संरचनाले प्राप्त राजनितिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तिय र प्रशासनिक संघियता सफलतम ढङ्गले हासिल गरीएको अवस्था छैन । स्थानिय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु राजश्वको अधिकार र खर्चको दायित्व बिचमा रहेको अन्तर पुरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तिय सहायताको सुनिशच्तिता नहुनु पुर्ण क्षमतामा कर्मचारीहरुको उपलब्धता नहुनु आदि जस्ता कारणबाट सबै स्थानिय तहलाई केहि चुनौतिपूर्ण अवस्थाको सामना गर्नु परेको व्यहोरा जगजाहेरै छ ।

सभा सदस्यज्युहरु

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन एन २०७४ , विभिन्न विषयगत एन नियमहरु , नेपालको पन्ध्रौ योजना , दिगोविकासका लक्ष्यहरु , मानव अधिकारको विश्वव्यापि घोषणा पत्र , लुम्बिनि प्रदेशको आवधिक योजना , संघिय सरकार तथा प्रदेश सरकारबाट विभिन्न समयमा जारी गरिएका निति ,मार्गदर्शन तथा सुझाव , स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ , परिवर्तन गाँउपालिकको दोस्रो पञ्चवर्षिय आवधिक योजना र यस गाउँ पालिकाबाट जारी भएका विभिन्न एन ,

नियमावली , कार्यविधि , आचारसंहिताको परिधिभित्र रहि राजश्व परामर्श समिति , श्रोत अनुमान तथा बजेत सिमा निर्धारण समितीको बैठकको निर्णय , गाउँकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय , आम नागरिक बुद्धिजिबि र सरोकारवालाहरुबाट प्राप्त सुझाव , जनताका आवश्यकता , हाम्रो राजनितिक प्रतिबद्धता समेतलाई ध्यान दिई योजनाबद्ध विकासको अवधारणा अनुसार आगामि आ.व.का साथै दीर्घकालिन लक्ष्य सहितको परिवर्तन गाँउपालिकाको सोच तथा निति पत्रको रुपमा यो निति तथा कार्यक्रम निर्माण गरीएको छ ।

अब म चालु आ व २०८०/८१ को क्षेत्रगत वार्षिक निति कार्यक्रम तथा बजेट कार्यान्वयन अवस्थाको संक्षिप्तमा समिक्षा गर्न चाहान्छु ।

१ पुर्वाधार विकास

चालु आ.व. मा पुर्वाधार क्षेत्रमा २०८१ जेष्ठ मसान्त सम्ममा उल्लेखनिय ढङ्गले काम भएको छ। यस अवधिमा श्री बाल कल्याण आ.वि. जोगीडाँडा भवन पुर्णता, शहिदमार्गदेखि गाँउपालिका केन्द्र सम्म सडक निर्माण, भरिखर्क -सिजाखोला- दवारे मोटरबाटो र भालुकोट- त्रिवेणीखोला- पुतलाचौर -मौलाबोट सम्म को निर्माण तथा बाटो को स्तरउन्नति भएको छ । त्यसैगरि जनताको आवतजावत लाइ सहज बनाउन हाइमखोला झो पु ,चुनवाङ खोला सवक झो पु तथा इन्द्रखोला ट्रस पुल समेत निर्माण भइसकको अवगत गराउन चाहे संगै ६ नं वडा कार्यालय थानिकोट-खलडाँडा-झिन्जा- गुँरासे मोटरबाटो निर्माण पनि असार १५ सम्ममा पुर्णता पाउने अवगत गराउन चाहान्छु । सेलिखर्क खानि पानि को तथा राक्सेवाङ स्कुल एवम थुनिकोत विद्यालय को भवन निर्माणले यसैवर्ष पुर्णता पाएको छ । ।शहिद स्मृति पार्क को निर्माण जग्गा प्राप्त सहित सुरुवात भएको छ ।

२ आर्थिक विकास कृषि तथा पशु सेवा

यस आ. व. मा आर्थिक विकास तर्फ विभिन्न रोगव्याधिसंग लड्न पशुपन्छिको लागि औषधी व्यवस्थापन गरिएको छ।त्यसैगरी च्याउ को बिउ, उन्नत जातका फलफूलका बिरुवा , मकै तथा गहुको मुल बिउ, लसुन को बिज जस्ता कृषिजन्य बिउविजन हरु विभिन्न खालको अनुदानमा वितरण गरिएको छ । यस पालिका भित्र रहेको पशुपन्छिको तथ्यांक संकलन गरि पशु स्वास्थ्य शिविर पनि संचालन गरीएको छ। विभन्न वडा हरुमा भट्ट पकेट कार्यक्रम , सिमि पकेट कार्यक्रम , आलु पकेट

कार्यक्रम जस्ता जनजिविका लाई प्रवर्द्धन गर्ने खालको कार्यक्रम लाई पनि विस्तार गर्दै लगिएको छ । माटोको गुणस्तर परिक्षण गर्न माटो शिविर कार्यक्रम, व्यावसायिक कृषक समूहको लागि क्षमता अभिवृद्धिकालागि तालिम पनि आयोजना गरिएको छ भने खेतिबालि मा रोगब्याधिलाई रोक्न लागि वाली उपचार शिविर कार्यक्रम पनि सञ्चालन गरिएको छ। सहकारी व्यवस्थापन सम्बन्धि तालिम सहित लालिगुराँस फूलको जुस उत्पादन गर्ने मा पनि तालिम प्रदान गरीयो ।

३ सामाजिक विकास

अ स्वास्थ्य

यो आ. व. मा स्वास्थ्य क्षेत्रतर्फ गर्भवति उत्प्रेणा कार्यक्रम , शुन्यहोम डेलिभरीको लागि लक्षित कार्यक्रम , पोषण विशेष क्षेत्रका लागि कार्यक्रम सञ्चालन तथा पोषण विशेष कार्यक्रम परीचालन गरीएको छ ।अझै समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम घरदैलो खोजपडताल कार्यक्रम, पालिका भरी नियमित खोप सुढृढिकरण पूर्ण खोप सुनिश्चतता र दीगोपना कार्यक्रम, किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम पनि गरिएको छ भने नियमित रुपमा गर्भवति चेकजाँच कार्यक्रम पनि अघि बढिरहेको अवगत गराउन चाहान्छु । गरीब असाहय गर्भवति तथा सुत्केरी लाई सुरक्षित मातृत्व सेवा प्रदान गर्नलाई यस गाउँपालिकाले गर्भवति तथा सुत्केरी आकष्मिक प्रेषण कोष पनि स्थापना गरेको छ । सामुदायिक इकाइ केन्द्र त्रिवेणि तथा प्रसुति सेवा केन्द्र बागमारा घोषणा गर्न सफल भयौ भने गर्भवति हरु को अवस्था बारेमा मेडिक मोबाइल मार्फत जानकारी गर्ने कार्यक्रम पनि सम्पन्न गरियो ।

आ शिक्षा

यस आ.व.मा गाउँपालिका ले शिक्षा क्षेत्रमा उल्लेखनिय काम हरु गरेको छ । यसै बर्ष निशुल्क शिक्षा कार्यक्रमलाई कार्यावन्यन गर्न लाई ४१ जना गाउपालिका अनुदान शिक्षक भर्ना गरी अभिभावकले विद्यालयलाई तिर्ने भर्नाशुल्क पुर्णरुपमा बन्देज लगाइएको छ । विद्यालयको शिक्षा पद्धतिलाई गुणस्तरिय बनाउन शिक्षक अभिभावक शिक्षा कार्यक्रमलाई स्कूल-स्कुलमा परिचालन गरिएको छ । त्यसैगरी यस गाउँपालिकाबाट दक्ष जनशक्ति उत्पादन गर्न एम.वि. वि. एस. , कृषि विज्ञानमा स्नातक अध्ययन, अंग्रेजी, गणित , विज्ञान विषयमा स्नातक तथा स्नातोकोत्तर अध्ययन सम्बन्धमा छात्रवृत्ति प्रदान गरि शिक्षा क्षेत्रमा हौसला प्रदान गरिएको छ ।मौलिक मगर भाषालाई पनि जोगाइ राख्न स्थानिय पाठ्यक्रम निर्माण गरि स्थानिय पाठ्यपुस्तक माध्यमबाट शिक्षालाई अघि

बढाइएको छ त्यसैगरी प्रारम्भिक वालविकास शिक्षकहरुको क्षमता विकास तालिम पनि सम्पन्न गरिएको छ ।युवालाई रोजगारी तुल्याउन पालिकाको गौरवको योजना अन्तर्गत युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइएको छ त्यसैगरि युवा पंक्तिलाई खेलक्षेत्रमा क्रियाशिल बनाउन गा पा स्तरीय अध्यक्ष कप तथा विद्यालय स्तरको राष्ट्पति रनिङ शिल्ड को सफल हिसाव ले सम्पन्न भएको छ । राष्ट्रिय स्तर को आइटि एफ खेल पनि यसै पालिका मा सम्पन्न गरियो । पालिका स्तरमा कक्षा ५ र ८ को परिक्षा प्रणालि लाइ व्यवस्थीत ढङ्गले सम्पन्न गरिएको छ ।विभिन्न लक्षित समुदायको क्षमता विकास तथा तालिम एवम सम्मान कार्यक्रम सम्पन्न गरियो ।

४ सुशासन तथा संस्थागत विकास

यस आ व मा गाँउपालिकाले सुशासन कायम गर्नको लागि जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास सम्बन्धि तालिम सम्पन्न गरेको छ भने जनता को गुनासो सुन्नको लागि टोल फ्री नं र नागरीक सन्तुष्टी फारम भर्ने व्यवस्था गरीएको छ । त्यसैगरी वडाहररुमा नागरिक बडापत्र , सुक्षाव पेटिका पनि राखिएको छ भने लिसा,लैससास परीक्षण ,सामजिक परीक्षण पनि गर्ने गरीएको छ । हरेक वर्ष अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्दै आएको अवगत गराउन चाहान्छु।सेवाप्रवाहलाई चुस्तदुरुस्त राख्न को लागि डिजिटल बडापत्र पनि बनाएर प्रयोगमा ल्याइएको छ ।

५ वातावरण तथा विपद व्यवस्थापन

चालु आव ८०/८१मा गा. पा. भित्र विपद व्यवस्थापन राहत तथा उद्धार कोषबाट प्राकृतिक विपतमा परि क्षति भएको हकमा गाउँकार्यपालिका को निर्णय बमोजिम सहायता रकम उपलब्ध गराईएको छ भने भुइचालो ले क्षति भएको हकमा जिल्लाप्रशासन कार्यालयमा सिफारीस गरी संघिय सरकार ले उपलब्ध गराउने राहत प्राप्त गर्न सहजीकरण गरीएको छ । त्यसैगरि बर्षायाम मा पहिरो ले क्षति पुर्याएको स्थल हरुमा गाउँपालिकाको जे सि वि मार्फत बाटो मर्मतसम्भार गरीएको यहाँ हरुलाइ अवगत गराउन चाहान्छु। विभिन्न वडाहरुमा समयअनुकुल वृक्षारोपण गर्ने गरिएको छ । त्यसैगरी विपद तथा व्यवस्थापन शाखा बाट विपद व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन संगै विपद व्यवस्थापन सम्बन्धि आवश्यक सामाग्री खरिद गरी विपद संग जुध्न विपत प्रतिकार्य योजना मार्फत पुर्व तयारी पनि गरिएको छ । जाजरकोट तथा रुकुम पश्चिम को भुइचालो बाट क्षति भएको मा राहत वितरण गरियो ।

**सभा सदस्य ज्यूहरु,**

अब म यस गरिमामय गाउँ सभा समक्ष गा.पा.को आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

गाउँपालिकाले अंगिकार गरेको "परिवर्तन हाम्रो संकल्प: दिगो विकास र सुशासन मात्र विकल्प" भन्ने नीतिलाई पूरा गर्न देहाएका क्षेत्रगत नीति तथा कार्यक्रम अख्तियार गरिएको छ ।

**(१) <u>आर्थिक विकास तर्फ :</u>**

**(१) <u>कृषि सेवा :</u>**

हाम्रो देश कृषि प्रधान मूलुक भएको हिसावले, कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रीकरण, आधुनीकीकरण, एवम विविधिकरण गर्दै स्थानीय अर्थतन्त्रलाई स्थायी र आत्मनिर्भर बनाउने तथा गा.पा.को नागरीकको जीवनस्तरमा उचित परिवर्तन ल्याउने हेतुले देहाय बमोजिम नीतिलाई अघि बढाइएको छ :

- "जैविक खानेकुरा :हन्छ जीवन पुरा भन्ने` नारा सहित उन्नत र गुणस्तरीय तरकारी विउ विजन वितरण गर्ने कार्यलाई वृहत गराइनेछ ।
- कृषि कार्यक्रमहरु एक द्धार प्रणालीबाट सन्चालन गर्नको लागी कृषि शाखाबाट सन्चालन गर्नुपर्ने र सम्बन्धित समितिबाट अनिवार्य अनुगमन गर्नुपर्ने मान्यता विकास गरिनेछ ।
- कृषि कार्यक्रम तथा बजेट निर्माण गर्दा कृषि गुरुयोजनालाई टेकेर निर्माण गरिनेछ ।
- कृषि कार्यक्रमको लागी बजेट तर्जुमा गर्दा कृषि शाखासंग समन्वय गरी कार्यक्रम अनुसार लागत ईस्टिमेट तयार गरी कार्यक्रम र बजेट निर्माण गरिनेछ ।
- व्यवसायिक कृषकहरु,कृषि समुहहरु तथा कृषि सहकारीहरुको क्षमता अभिवृद्धिको लागी कृषि तालिमहरु सन्चालन गरिनेछ ।
- कृषि प्राविधिकहरुलाई समय अनुकुल नविनतम प्रविधिको बारेमा तालिमको उपलब्धता गरी दक्ष कृषि प्राविधिक जनशक्तिको बिकास गर्नुपर्ने कुरामा गाउँपलिकाको ध्यानआकर्षण रहेको छ ।
- किसानहरुमा कृषि सम्बन्धी प्रविधि तथा व्यवहारीक सीपको विकास गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृधी गर्न वडा वडामा कृषि ज्ञान सञ्चार कार्यक्रम लागु गरिनेछ ।

- कृषिमा जोखिम न्यूनीकरण गर्नको लागि निश्चत पूँजि सम्मको व्यावसायीक कृषि गर्नेको हकमा कृषि विमा कार्यक्रम लागू गरिने छ। सोहीअनुसारको अनुदान प्रदान गरिने छ ।

- कृषि क्षेत्रको बिकासमा आधार तय भैसकेको हुँदा अगामी दिनमा दिर्घकालिन बालीहरुको पकेट क्षेत्र बिस्तार गर्दै र स्थापित पकेट क्षेत्रहरुको स्तर उन्नती गर्नु पर्ने दखिएकोले सोहि अनुसारको कार्यक्रम तय गरिनेछ।
- उन्नत जातका धेरै आम्दानी मूलक फलफुलका बिरुवाहरुको ब्यवसायीकरण गरी दिर्घकालीन रुपमा मनग्य आम्दानी लिन सकिने कार्यक्रमको प्रवद्धन गरिनेछ।
- किसान सुचिकरण कार्यक्रमलाई व्यवस्थीत गरी किसान परिचय पत्र प्रदान गरिनेछ।
- यस गाउँपालिकामा पर्यायवरणमा आधारीत पुनरुत्पादक कृषि प्रविधिलाई प्राथमिकतामा राखि प्रर्वद्धन गर्ने निति लिइने छ।साथै रैथाने प्रजाती र बालीको प्रर्वधन कार्यक्रम संचालन गरिनेछ।
- वेरोजगार यूवालाई कृषिमा आधारित कर्म गर्न यूवा स्वरोजगार कार्यक्रम मार्फत प्रोतसाहन गरिनेछ।
- सघिय सरकार को वार्षिक निति तथा कार्यक्रम बमोजिम पहाडी क्षेत्रमा उत्पादन हुने बहआयामिकयुक्त भाँगो लाई सही ढंगले प्रयोग हुने गरी उत्पादनलाई वढावा दिइनेछ साथै हेम्प धागो उत्पादनलाई प्रर्वधन गर्न प्रोत्साहीत गरिनेछ।
- “हाम्रो उत्पादन, हाम्रो स्वाभिमान”अभियान अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र उपयोग गरी बजारीकरण गरिनेछ। साथै उत्पादनलाई बजारीकरण गर्नलाई वित्तिय साक्षरता तथा डिजितल फाइन्नस बारेमा पनि जानकारी गराइने छ ।
- कृषिजन्य उत्पादन लाई दिगो सम्म उपयोगगर्ने हेतुले कोल्डस्टोर निर्माणमा गाउँपालिकाले अग्रसरता लिने छ ।
- कृषिउत्पादनलाई बढावा दिनलाई माटोको गुणस्तरियता परिक्षण पनि गरिने छ त्यसको लागि माटो शिविर , बालि उपचार पद्धति लाई पनि अङ्गिकार गरिने छ ।
- जलवायु मैत्री कृषि उत्पादनलाई महत्वका साथ प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ।
- स्थानिय तहमा उत्पादन हुने फलफूल बाट मदिरा बनाइ ब्रान्डीङ्ग गरिने छ ।
- 
- कृषि उत्पादन लाइ बढावा दिन गाउँपालिकस्तरमा हाट बजार को अवधारणा अघि सारिने छ।

(२) **पशु सेवा :**

किसानको आयस्तरमा वृद्धी गर्नका साथै पोषण स्तरमा सुधार ल्याउन पशु पालन व्यवसायलाई प्रोतसाहन गरिनेछ, सो का लागी :

- युवा स्वरोजगार कार्यक्रम माध्यमबाट बंगुर पालन , कुखुरा पालन ,बाख्रा पालन तथा भैसी पालन व्यवसायलाई प्रर्वद्धन गरिने छ ।
- निश्चत पुँजी सम्मको व्यवसायिक पशुपालन गरेका किशान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाई जोखिम कम गरिने छ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागी उच्च सतर्कता सहित पूर्व तयारी गरिनेछ ।
- नियमित पशुशिविर सञ्चालन गरी गाँउघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ ।
- मासुजन्य पसलहरुलाई सरसफाई, गुणस्तरयुक्त बनाउन सचेतना अभिवृद्धी गरिनेछ ।
- बेलाबखतमा पशुपञ्छीमा विभिन्न किसिमको महामारी रोग फैलिई पशुधनको क्षती हुनेहँदा पशु विमा र पशुपञ्छी विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।
- पशुजन्य बस्तुलाई विभिन्न बजारमा निकासी गर्न सहुलियत पूर्ण कर लगाइने छ ।
- पशुपन्छीलाई लाग्ने विभिन्न रोगका विरुद्ध प्रयोग हुने औषधिजन्य सामाग्री को समयअगावै व्यवस्थापन गरिने छ ।
- पशु सेवातर्फका प्राविधिकहरुबाट कृषकको कार्यस्थलमै आवश्यक सेवा दिन कृषकसँग पशु प्राविधिक कार्यक्रम सञ्चालन गरिने छ ।
- दुध डेरि संकलन केन्द्र को अवधारणा अगाडि बदाइनेछ ।
- मासुजन्य खाद्य सामाग्री हरुको सन्दर्भमा आत्मनिर्भर उन्मुख बन्न प्रयत्न गरिनेछ ।

(३) **<u>सहकारी :</u>**

- राज्यको तीन खम्बे नीति अनुरुप छरिएर रहेको सुक्ष्म पुँजीलाई एकीकृत गरी उद्यमशीलता, स्वरोजगारलाई बढावा दिदै, सहकारी क्षेत्रको सबलीकरण, सुदृढीकरण र नियमित गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वित्तिय साक्षरता र ज्ञान वृद्धीका लागि वित्तिय संस्था तथा सहकारी पदाधिकारीहरुलाई आधारभूत तथा लेखा सम्बन्धी तालिम कार्यक्रम आगामी वर्ष प्रदान गरिनेछ ।
- सहकारीको मुल्यमान्यतामा आधारित भई रोजगारी सिर्जना पुँजि परिचालन र सेवा प्रवाहको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- बहुउद्देश्य प्रकृतिको सहकारी प्रत्यक वडामा बनाउने अवधारणा अघि सारीने छ।
- समुह तथा सहकारी को अनुगमन तथा नियमन लाइ व्यवस्थित गरीने छ।

(४) **<u>खानेपानी, सिचाई तथा जलाधार संरक्षण :</u>**

- गाउँपालिकावासीलाई शुद्ध पिउने पानीको व्यवस्था गर्न एक घर एक धाराको नीति लाई अवलम्बन गरिनेछ ।

- खानेपानीको पाइप लाईन मर्मत तथा सम्माभार एवम नयाँ खानेपानी मुहानहरुलाई पहिचान गरी उपयोग संगै संरक्षण गरिनेछ ।
- कृषि क्षेत्रको सिचाईको लागि पोखरीहरु निर्माण गरी सुरक्षित र भरपर्दो बनाइनेछ ।
- साना सिचाई, मूल संरक्षण र विकास, कुलो निर्माण तथा वर्षातको पानी संकलन गरी सिचाई सुविधा प्रवर्द्धन गरिनेछ ।
- ठूला सिचाई आयोजना कार्यान्वयनको लागि प्रदेश र संघीय सरकार समक्ष समन्वय गरी अघि वढाईनेछ ।
- जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरबाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिती गठन गरि विधान बनाइ दर्ता कार्यलाई तिव्रता दिईनेछ ।
- खानि पानि शुद्धता को लागि खाने पानि जाँच गरी शुद्धिकरण गरिने छ ।

(५) **पर्यटन :**

- परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोण ले सम्भावित स्थलहरु लाई पहिचान गरी स्वदेश तथा विदेश का विभिन्न स्थल सम्म प्रचारप्रसार गर्न भिडियो डुकुमेन्ट्रि निर्माण गरिनेछ ।
- मेला तथा प्रर्दशनी मार्फत आर्थिक चलायमान बढाउदै जनताको समृद्धि बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- परिवर्तन गा.पा.का स्थानहरुलाई पर्यटकीय गन्तव्य बनाउन वडा नं. ३ मा रहेको परिवर्तन पार्कलाई सुन्दर बगैचाको रुपमा चित्रन गरी यसको प्रचार प्रसारमा जोडबल गरिनेछ ।
- विगतमा जनयुद्ध बेला परिवर्तन गा.पा. २ मा रहेको वर्तमान प्रधानमन्त्री प्रचण्ड निवासलाई युद्ध पर्यटन र थुनिकोट मन्दिरलाई धार्मिक पर्यटनको रुपमा प्रर्वधन गरिनेछ ।
- विगतमा जनयुद्ध ताका जीवन उत्सर्ग गर्ने वीर सहिदहरुको सम्झना स्वरुप शहिद स्मृती पार्क निर्माण गरीने छ ।
- शहिद राजमार्ग अन्तर्गत दुइखोली-थवाङ सडक र दुइखोलि चुनवाङ सडकलाई यथासक्य स्तरोन्नति गर्न लगाई थवाङ, जलजला , महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा. लाई ट्रान्जिट पोइन्ट को रुपमा विकास गरिनेछ ।
- अन्तर गाँउपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानिय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रर्वद्धन गर्न भगिनि सम्बन्ध विस्तार गरीनेछ ।
- सुकिदह लाइ युद्ध तथा धार्मिक पर्यटन को रुपमा प्रवद्धन गरिने छ तथा गुरीचौर छडकेधुरी देखि फुलबारी हुदै थवाङ जोडने गुरिल्ला मार्गलाई सतरउन्नति गर्ने । कालापोखरा तथा रिपीतर टावर लाइ पर्यटकीय गन्तव्यको रुपमा प्रवद्धन गरिने छ ।
- गाउँपालिका को प्रवेशद्धार हरुमा शहिदस्मृति द्धार निर्माण कार्य अघि बदाइने छ ।

(६) **रोजगारी :**

- वैदेशिक रोजगारीमा जान चाहने का लागि सुरक्षित बैदेशिक रोजगारि सम्बन्धी समुदायस्तर गहण अभिमुखिकरण कार्यक्रम पनि सञ्चालन गरिने छ ।
- रोजगार सेवा केन्द्रमा गा.पा. भित्रका विपन्न परिवारका वेरोजगार व्यक्तिहरु सुचिकरण गरी न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूती गर्ने कार्यको लागि गा.पा. भित्र योजनाहरुमा रोजगारी सिर्जनालाई प्राथमिकता दिईनेछ ।
- मासिक बैठक तथा अनुगमन गर्न र नयाँ लघु उद्यमी सृजना गर्न केही बजेट उद्यम शाखा तर्फ विनियोजन गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन गरीनेछ ।त्यसैगरी कार्यस्थलमा आधारीत सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम पनि सञ्चालन गरीनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्दा गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिअरुको क्षमता विकास तथा अभिवृद्धीकाका लागि उद्यमसील तथा सीपमूलक तालिम संचालन गरिनेछ ।
- आगामी आ.व.देखी वैदेशिक रोजगारीमा जान चाँहाने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- बेरोजगारीहरुको समस्यालाई केही हदसम्म समाधान गर्न स्थानीय तहबाट संचालित हुने आयोजनाहरुमा हेवि इक्क्पमेन्ट प्रयोग नहुने ठाउँमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई काममा लगाइनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाइने छ साथै मृतकको परिवारले पाउने क्षतिपूर्ति सहज र सजिलो बनाई विचौलियाको माध्यमबाट क्षेतिपूर्ति पाउने व्यवस्था अन्त्य गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रम सामि कार्यावन्यन गर्न गाँउपालिकाले सघिय सरकार संग साझेदारी गरी कर्मचारी खटनपटन गराइ थप भरपर्दो र प्रभावकारी बनाएर लगिनेछ ।

(ii) **सामाजिक क्षेत्र :**

(१) **स्वास्थ्य :**

जनताको आधारभूत स्वास्थ्य सेवा सुविधामा पहुच पुऱ्याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ :

- २०८१/८२ को आ व मा यस गाउँपालिका भित्र जेरियाटक तथा लैंगिक हिंसा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।

- परिवर्तन गाउँपालिका भित्रका समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम पनि सम्पन्न गरीने छ ।

- सबै स्वास्थ्य संस्थाहरुमा मधुमेह रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ ।
- सवै सामुदायिक सेवा केन्द्र हरुलाई मापदण्ड पुरा गरेर क्रमिक ढङ्गले प्रसुति सेवा केन्द्रको रुपमा रुपान्तरित गरिने छ ।
- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा वालवालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ ।
- १५ शैयाको अस्पताल निर्माणको सर्न्दभमा थप म्यादभित्र भवन निर्माण सम्पन्न गर्न ताकेता गरिनेछ ।
- वस्तीस्तरमा स्वास्थ्य शिविर सञ्चान गर्ने कार्यलाई निरन्तर र विस्तार गरिनेछ ।
- संस्थागत सुत्केरीलाई प्रर्वद्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई केही रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गरिनेछ । त्यसैगरि निःशुल्क स्वास्थ्य सेवाको लागि वितरण गरीने औषधी खरिद गर्न केही निश्चित मात्रामा वजेट विनियोजन गरिनेछ ।
- किशोरी अवस्थामा हुने गर्भाधारण र असुरक्षित यौन सम्बन्ध जस्ता क्रियाकलाप लाई न्यूनिकरण गर्न समुदाय र विद्यालय स्तरमा यौन शिक्षा र प्रजनन् स्वास्थ्य शिक्षालाई विस्तार गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोतसाहन गर्ने कार्यक्रम ल्याइनेछ ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि निरन्तरता दिइनेछ ।
- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सबै प्रकारका औषधीको प्राप्तीको सुनिश्चितताको लागि कदम चालिनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रम संग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरिनेछ ।
- वालविकास केन्द्र तथा विद्यालयहरुमा WASH कर्नरको व्यवस्था गरिनेछ ।
- विद्यालय स्तरमा दिइने दिवा खाजाको लागी स्थानीय स्तरमा उत्पादित वस्तुलाई खाजाको रुपमा प्रर्वद्धन गरिनेछ ।
- गर्भवती अवस्थामा गर्भवती महिलालाई मानसिक रुपमा सबल, शारीरीक रुपमा बलियो र समाजिक, साँस्कृतिक रुपमा इज्जतिलो बनाउन गर्भवती उत्प्रेरणा कार्यक्रम बनाइने छ ।
- अपांग, अल्पसंख्यक, लोपउन्मुख समुदायसंग सम्बन्धीत व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम तय गरिनेछ ।
- द्वन्द्धको कारणले मृत्यू भएको व्यक्तिको परिवार लाई गरिएको स्वास्थ्य विमा कार्यक्रलाई निरन्तरता गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माणमा जोड दिइनेछ तथा सेवा प्रवाहले पछि परेको ठाउँहरुमा सामुदायिक स्वास्थय इकाइ केन्द्र स्थापना गरि सेवा प्रवाह गरिनेछ ।

## २ शिक्षा तथा खेलकुद :

**"समृद्धीको आधार , शिक्षामा नै सुधार " भन्ने नारालाई आत्मसाथ गर्न निम्न खालको निति तथा कार्यक्रमहरु उपयोगी सिद्द हुनेछन् ।**

- शैक्षिक पूर्वाधारको विकास दक्ष जनशक्ति एव शिक्षण सामग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरिय र जीवन उपयोगी शिक्षा प्रदान गरिनेछ ।त्यसैगरी विद्यालयहरुको नियमित अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई " शिक्षामा लगानि, परिवर्तनमा शुभ विहानि " भन्ने मान्यता लाई स्थापित गरिनेछ ।
- विद्यालय बाहिर रहेको अति विपन्न र सिमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउन सबै किसिमको प्रयास गरीनेछ
- परीवर्तन गाउँपालिका सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि खानेपानि, शौचालय , खेलमैदान , घेरबार , दिवाखाना ,प्रयोगशाला ,कम्पुटर ल्याब , छात्रवृत्ति जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्रि बनाउदै लगिनेछ ।
- स्थानिय स्तरमा भएको कला ,संस्कृति भेषभुषा , भाषा तथा दिग्गज व्यक्तित्वलाइ समेती स्थानिय पाठ्यक्रम तर्जुमा गरी आगामि शैक्षिक सत्र देखि लागु गरिनेछ ।
- विषयगत शिक्षक र वालविकास शिक्षकको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयका सबै शौचालयलाई आधुनिक अपाङ्ग तथा वालमैत्रि वनाउने अभियान सुरु गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि लगायतको बहुआयामिक उन्नतिको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणामुखि गराइनेछ ।
- गाउँपालिकामा रहेको सबै सामुदायिक विद्यालयहरुमा शिक्षक छनौटको आर्थिक व्ययभारको लागि रकम छुट्टाई शिक्षक छनौटमा सहजिकरण गरिनेछ ।
- सामुदायिक विद्यालयका सबै प्र.अ. हरुको प्रशासनिक र वि. व्य. स. अध्यक्षहरुको व्यवस्थाकिय क्षमता अभिवृद्ध गर्न विशेष तालिमको व्यवस्था गरिनेछ ।

- शैक्षिक पहुचमा सुनिश्चतता कायम गर्न अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम सन्चालन गरिनेछ ।
- नेपालको सँविधानमा व्यवस्था भएको शिक्षा सम्बन्धि मौलिक हकलाई कार्यान्वयन गर्न गाउँपालिकामा मा वि (९-१०) तह सम्मको शिक्षालाई निशुल्क बनाउन प्रभावकारी ढङ्गले कार्यान्वयनमा लगिनेछ ।
- गाँउपालिका स्थित खेलकुद मैदान धामाचौरलाई शहिद समृति रङगशालाको रुपमा विकास गर्ने गरी काम अगाडी बढाइनेछ । साथै रङ्गशाला लाई आधुनिक तथा प्याराफिटयुक्त बनाइने सोच रहेको छ ।
- युवाहरुलाई रोजगारमा आकर्षित गर्न विभिन्न खालको तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गरीनेछ ।साथै युवापंक्ति लाई कुलत तथा खराब संगत बाट टाढा राख्न लाई राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप लाई निरन्तरता प्रदान गरिने छ ।
- दक्ष जनशक्ती उत्पादन गर्ने गरी विज्ञान, गणित तथा अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर साथै कृषि र पशु तर्फ स्नातक र स्वास्थ्य तर्फ एम.वि.वि.एस. अध्ययन गर्नको लागि प्रदान गर्ने छात्रवृत्ती निरन्तरता दिएको छ ।
- आगामि आ व देखि गाँउपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १ देखि ३ कक्षा सम्ममा अंग्रेजी माध्यम द्धारा अध्यापन गराइने गरि वातावरण मिलाइने छ ।
- शिक्षामा अभिभावकलाई सक्रिय बनाई सामुदायिक विद्यालयलाई गुणस्तर कायम गर्न सञ्चालन गरिएको शिक्षक अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विद्यालयको अनुगमन र मूल्याा‌ङकन साथै विद्यार्थीको शिक्षण सिकाइ उपलब्बधी राम्रो बनाउन कक्षा ५ र ८ को परिक्षालाई गाउँपालिका स्तरीय बनाईने छ ।
- कक्षा ८ तथा १० को नतिजा सुधार गर्न गणित विज्ञान अंग्रेजी विषय जस्ता चुनैतीयुक्त विषय सम्बन्धमा विषयगत शिक्षक हरुलाई आवश्यक तालिम तथा प्रशिक्षण प्रदान गरीने छ ।
- शिक्षामा भएको विभेदीकरण को अन्त्य हुने अभियान चलाइनेछ ।

## ३.खानेपानि तथा सरसफाई फोहरमैला व्यवस्थापन :

- " स्वच्छ मुहान बाट पिउ पानी, मुल संरक्षण गर्न बसालौ बानी " भन्ने नारा लाई आत्मसाथ गर्दै खानेपानीको मुहानहरुलाई संरक्षण र उचित व्यवस्थापन गर्दै दिर्घकालिनसम्म उपयोग गरिनेछ ।साथै हरेक मुहानको दर्ता गर्ने प्रक्रिया अघि बढाइने छ ।
- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको पूर्णसरसफाई कार्यक्रमलाई निरन्तरता दिदै यसको प्रभावकारी प्रतिफलयुक्त कार्यान्वयनमा ध्यान दिइनेछ ।
- विगत देखि नै चर्चामा रहेको गुरीचौर सेलिखर्क खानेपानि तथा सरसफाई आयोजना लाई पुर्णता दिने गरी अगाडी बढाउदै संरक्षण गरिनेछ ।
- खानेपानिलाइ अब मीटर रिडिगं प्रणालि अनुरुप अघि बदाइने छ ।
- परिवर्तन गाउँपालिका भित्रका मुख्य बजारहरु जस्तै वागमारा, पुत्लाचौर , दुइखोलि , पोखरा बजार ,खरिबोट हरुमा फोहोरमैला व्यवस्थापन गर्न लागि प्रयासरत गरिने छ ।
- सार्वजनिक स्थल पाटी पौवा लगायतका क्षेत्रहरुमा आवधिक रुपमा सरसफाई कार्यक्रम अगाडि ल्याइनेछ ।
- फोहोरको पुन: प्रयोग र प्रशोधन गर्ने गरि निति कार्यान्वयन गरिनेछ ।

## ४. कला तथा संस्कृति :

- विभिन्न खालको धर्म, भाषा , कला , सँस्कृति , भेषभुषा , रहनसहन साहित्य हरुको संरक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामुलुक कार्यक्रमहरु संरक्षण गरिनेछ ।

- गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातिय भेषभुषा कला साहित्य संगित लगाएतको झाँकी सहित प्रदर्शन गर्ने निति लिइनेछ।
- गाउँपालिकाभित्र बोलिने मगर जातिको मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपि तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने निति लिइनेछ ।
- समुदायगतरुपमा रहेको धर्म जातजातिको रिति रिवाज अनुसारको परम्परागत मेला , कुल पुजा , धार्मिक स्थल लगाएतका साँस्कृतिको अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
- स्थानिय कलाकार को प्रतिभालाई विभिन्न मञ्च दिएर कला प्रष्फुटन गर्ने अवसर प्रदान गरिने छ ।
- यस गाँउपालिका भित्र नाचिने भुमेनाच, पैसरी नाच, बैजरु नाच, मयुर नाच र साईलाबरै जस्ता लोकभाका लाई गाउपालिका को पुँजि तथा सम्पति को रुपमा संरक्षण गरी भिडियो डकुमेन्ट्री को रुपमा निर्माण गरी प्रचारप्रसार गरिनेछ ।

## ५. सामाजिक सुरक्षा, लैगिंक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशिकरण:

- सामाजिक न्याय सहित को सामाजिक सुरक्षा कायम गर्न स्थानिय सरकार लागि रहनेछ । सेवाप्रवाहलाई चुस्त र दुरुस्त गर्न सामाजिक सुरक्षा भत्ता लाई बैकिङप्रणालि इ एफ टी मार्फत अघि बढाउदै आएको सेवालाई निरन्तरता कायम गरिनेछ ।
- महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणा पत्रका १२वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ साथै दिगो विकास लक्ष्यहरुलाई आत्मसाथ गरि स्थानीयकरण गर्दै गाउँपालिकाका योजनाहरुलाई लैगिंक समानता तथा सामाजिक समावेशिकरणको मर्म अनुरुप कार्यान्वयन गरिने छ ।
- संयुक्तराष्ट्रसंघिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने सम्बन्धमा कार्यक्रम तय गरी बजेट विनियोजन गरिने छ ।
- महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषदबाट पारित बदाँ नं १३२५ र १८२० को कार्यान्वयन को लागि स्थानिय सरकार ले कार्यक्रम तय गरि सो उपर बजेट विनियोजन गर्नेछ।

- जेष्ठ नागरिक, अशक्त ,असहाय ,अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित, आदिवासी जनजाती लोपोन्मुख र सीमान्तकृत समुदायको सम्मान तथा संरक्षणमा ध्यान दिइनेछ ।
- बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिले निर्दिष्ट बजेटमा निश्चित प्रतिशत हुने गरी लैगिंक बजेट तर्जुमा गर्ने पद्धतिलाई अंगिकार गरीनेछ ।
- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा बालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित आश्रयस्थल सेफ हाउस स्थापना गर्न प्रयत्न गरिनेछ ।
- बालविवाहलाई निर्मुल गर्न किशोरीसञ्जाल मार्फत पनि सचेतनामूलक कार्यक्रम गरिने छ साथै छोरीहरुलाई माध्यमिक तहसम्म निशुल्क तथा अनिवार्य शिक्षाको ग्यारेन्टि गर्न आवश्यक नितिगत र कार्यक्रम सहित प्रबन्ध गरिनेछ ।
- गाउँपालिकाको सामाजिक आर्थिक विकासका लागि वडा तथा पालिकास्तरीय महिला सञ्जालहरुलाइ प्रभावकारी रुपमा परिचालन गरीनेछ । महिला सहकारी संस्था, आमा समूह र समितिहरु को लागि छुट्टै भवनहरु निर्माण तथा मर्मत सम्भार गरीने छ ।
- गाँउपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्रि र लैङ्गिकमैत्रि बनाइने निति कार्वान्वयन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषमा कम्तिमा वार्षिक रु१००००० अक्षेरुपि एक लाख रुपैंया रकम जम्मा गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनि परामर्श ,उपचार खर्च तथा जिविकोपार्जनका लागि अनुदान कोषबाट उपलब्ध गराइने छ ।
- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरिति ,अन्धविश्वास हटाउन टोल विकास संस्था, आमा समूह ,युवा क्लब, बालसमुह लगायत सामुदायिक स्तरका संस्थाहरु लाई स्वयंसेवि रुपमा परिचालन गरिने छ।
- गाँउपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT)लाई निरन्तरता दिईनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमुलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका भित्रका उपभोक्ता समुह बाट कार्यावन्यन हुने कार्यक्रम तथा योजना हरुमा महिला श्रमिक बाट सेवा लिदा समान काम समान ज्याला भन्ने निति लाई अङ्गिकार गरिने छ ।
- अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्रि वितरण र सीपमुलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- सरकारले सेवा करार लिदा महिला, आदिवासि जनजाति, दलित ,सहिद वेपत्ता घाइते र द्धन्द्ध पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने निति अङ्गिकार गरिनेछ ।
- युगौ देखि हुदै आएको जातिय विभेदलाइ अन्तय गर्न विभिन्न खालका कार्यक्रम अघि बढाइने छ ।बाकी रहेको वडा तथा पालिका लाइ छुवाछुतमुत्त घोषणा कार्यक्रम गरिनेछ । त्यसैगरी एतिहासिक कालदेखि दलित तथा शिल्पि समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानि सहयोग गरीनेछ ।
- नेपाल सरकाले प्रदान गर्दै आएको वालपोषण भत्तालाई पोषणमा सुधार ल्याउने गरी प्रभावकारी रुपमा अनुगमन गर्दै वालवालिकाको पोषणमा सुधार ल्याउने व्यवस्था गरिनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई विगतबाट शिक्षा लिएर प्रभावकारी पोषणमा सुधार ल्याइनेछ।

## पूर्वाधार क्षेत्र :

### १ सडक भवन पुल तथा सहरिकरण :

- विकासको जिवन मार्ग (लाइफ लाइन) को रुपमा रहेको सडक सञ्जाल लाइ स्तरोन्नति गरी आर्थिक गतिविधि हरु लाइ चलायमान गर्दै ग्रामिण भेगमा उत्पादित बस्तुलाई यथासमयमा बजारसम्म पुर्याउन सुविधायुक्त र सुरक्षित पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- पुर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एंव प्रतिफल दिने र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरि आयोजना बैंक तयार गरीने छ ।
- गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेखिकरण कार्य सम्पन्न गरी नयाँ घर निर्माण गर्दा भुकम्पप्रतिरोधात्मक युक्त घर निर्माण गर्न अनुमति लिनुपर्ने व्यवस्थाको सुरुवात गरिनेछ।

- दिर्घकालिन लगानि मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याइने छ।
- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठुला तथा मेसिनरी औजार प्रयोग हुने सडक, भवन तथा सो अनुसार को आयोजना आवश्यकताको आधारमा वोलपत्र (e-bid )मार्फत कार्यान्वयनमा लगिनेछ ।
- संघिय सरकार र प्रदेश सरकार को सहयोगमा निर्माणिधिन मुल सडकहरु कालोपत्रे गर्न स्थानिय तहले कुटनितिक पहल गर्नेछ।
- गाउँपालिका भित्र बस्ति तथा खेतियोग्य भुमि लाई प्रत्यक्ष प्रवाभ पार्ने भु उपयोग निति लागु गर्दै जाने निति लिइनेछ ।
- परिवर्तन गाउँपालिका भित्र निर्मित सडक सञ्जालको स्तरउन्नति तर्फ ध्यान दिइनेछ।
- पहाडी इलाकामा एक ठाउँ बाट अर्को ठाउँ सम्म पुग्नको लागि समयावधिलाई छोट्टाउने,खोलानाला बाढी बाट जनधनको क्षति कम गर्ने उदेश्यले विभिन्न स्थानहरुमा झोलुँगे पुल, ट्रस पुल निर्माण गर्ने कार्यलाई तिव्रता दिन संघिय सरकार संग माग गरिने छ ।
- जनयुद्धको क्रममा देशमा गणतन्त्र ल्याउन आफ्नो ज्यानको आहुति दिइ सहादत प्राप्त गर्ने वीर सहिदहरुको नाममा सर्वमान्य सर्वस्वीकार्य शहिद स्मारक निर्माण गरिने छ।
- गाउँपालिकाको सीमा क्षेत्र एकिन गरि गाँउपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको मौलिकता झल्किने गरि स्वागतद्धार तथा साइन बोर्ड हरुको निर्माण गर्न पहल गरिनेछ।
- गाँउपालिकाको पाँच वर्षे आवधिक योजना निर्माण भइसकेको हुनाले सो मा आधारित मध्यकालिन खर्च संरचना, बजेत तथा कार्यक्रम हरु निर्माण गरीने छ ।
- गाँउपालिकाभरी बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप बाट सडक बिग्रिएको खण्डमा गाँउपालिका को आफ्नै जे सि बि बाट नै मर्मत सम्भार गरिनेछ ।
- दिर्घकालिन, गौरवका तथा ठूला योजनाहरुकोपहिचान गरि, त्यस्ता योजनाहरुका डिपिआर तयार गरि बहु-वर्षिय ठेक्काद्धारा कार्यान्वयन गरिनेछ।
- परिवर्तन गाउँपालिकाको माग र समन्वयमा संघीय सरकार र प्रदेश सरकारको वजेट बाट सन्चानमा आएको शहिद मार्ग दुईखोली खरिवोट खण्ड र दुईखोली चुनवाङ खण्डको कालोपत्रे सहितका सडक निमार्ण कार्य समय मा **सम्पन्न गर्न सम्बन्धित निकाय सँग समन्वय गरीने छ ।**
- "श्रममा सम्मान परिवर्तन, गाउँपालिकाको आवह्रन" भन्ने मूल नारा सहित सन्चालन गरेको हरेक वर्ष कात्तिकको ४ गते श्रम गरेर मनाइने श्रमडे लाई थप व्यवसथित गरी निरन्तरता दिइनेछ।
- परिवर्तन गाउँपालिकाका भित्र रहेका फुसका छानाहरुलाई विस्थापित गर्ने कार्य अगाडी बढाइनेछ।

## २ उर्जा संचार तथा सुचना प्रविधि :

- संसारमा बढदो उर्जासंकट लाई कम गर्न दीगो विकास लाई फाइदा तथा वातावरणीय सन्तुलन कायम हुने खालको नविकरणिय उर्जा प्रविधि जडान लाई उच्च प्राथमिकता दिएर कार्यान्वयन प्रक्रिया अघि बढाइने छ।
- उर्जा खपत लाइ आधुनिक प्रविधि रुपमा रहेको सोलार लिफ्टिङ्ग प्रणाली मार्फत बहुआयामिक तवरले उपयोग गरिनेछ ।
- आम गाँउपालिकाबासीलाइ हरेक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले रेडियो कार्यक्रम परिवर्तन संवाहकलाई निरन्तरता दिइनेछ र रेडियो, पत्रिका र अनलाईन सञ्चार माध्यमसँगको सहकार्यलाई निरन्तररुपमा अघि बढाइनेछ।
- सुचना प्रविधिमैत्रि गाँउपालिका को रुपमा चित्रित गर्ने उद्देश्यले गाँउपालिका भवन र वडा कार्यालयको भवनमा तथा माध्यमिक तहको स्कुलहरुमा क्षमताको आधारमा सिसिटिभिको जडान एवम उचित ढङ्गले मर्मतसम्भार गरी सुचारु गरिनेछ ।
- राज्यको चौथो अङ्गको रुपमा रहेका पत्रकारहरुलाई गाउपालिका भित्र को काम कारबाही लाई देशदेशावर सम्म सम्प्रेषण को आधारमा सम्मान तथा पुरस्कृत गरिने छ।
- आम परिवर्तनवासीहरुको जनगुनासो लाई सुनेर यथासमयमा समाधानको उपायहरु सुझाउनको लागि टोल फ्री नम्बर निरन्तरता दिइने छ ।
- बढदो आधुनिकता संगै उच्चतम प्रविधिमा पहुंच बनाउने उद्देश्यले सबै वडाहरुमा फाइबरयुक्त इन्तरनेट जडानको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिका को पहिचान तथा चिनारी को रुपमा रहने Digital Village Profile निर्माण तथा अद्यावधिक गरीने छ ।
- गाउँपालिका भित्र सरकारी भौतिक संरचना हरुमा सोलार जडान लाई प्राथमिकता प्रदान गरीनेछ।
- गाउँपालिकाका हरेक सूचना तथा समाचार , बजेट तथा कार्यक्रमहरु, विभिन्न प्रतिवेदन, कानुन तथा निर्देशिका जस्ता विवरण हरु गाउँपालिकाको आधिकारिक वेवसाइटमार्फत नियमित रुपमा सार्वजनिक गरीनेछ ।

- बढ्ढो सुचना प्रविधीमैत्रि जमानामा हाम्रो पालिकामा पनि डिजिटल हेल्प डेस्क को व्यवस्था गरी सेवा प्रवाहमा सहजिकरण गरिने छ।
- केन्द्रिय विद्युत को लागि सम्बन्धित निकाय मा पहल गर्ने तथा लघु जलविद्युत मर्मतसम्भार मा ध्यान दिने निति लिइनेछ ।

## सुशासन तथा राजस्व प्रशासन सम्बन्धित क्षेत्र

१. राजस्व प्रशासन:

- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागी कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सबै वडा मा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाले निर्माण गरेको राजश्व सुधार योजना को आधारमा गाउँपालिका भित्रका सम्भावित करका क्षेत्रहरुलाइ पहिचान गरी सहज ढंगले कर असुलउपर हुने व्यवस्था गरिने छ।
- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न लाई करका दर समयअनुकुल गर्दै कर दायरा विस्तार गर्दै लगिने छ ।
- आन्तरीक आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाड , अन्तरसरकारी वित्तिय हस्तान्तरण तथा गैरसरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानिय सरोकारवाला प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस संग परामर्श समन्वय र साझेदारी गरिनेछ ।
- "खर्चमा मितव्ययिता शुन्य बेरुजु हाम्रो प्रतिबद्धता" भन्ने मन्त्रलाई आत्मसाथ गर्दै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली मार्फत बेरुजुको अवस्था लाई शुन्यउन्मुख बनाउन प्रयास गरिने छ ।

- विभिन्न कारण बाट व्यवसाय दर्ता तथा नविकरण नगरी नियमित हुन छुट भएका करदातालाई कर दायरा मा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गरीनेछ ।

- गाँउपालिका र उपभोक्ता समितिले कारोबार गर्ने गाँउपालिका स्थित फर्महरुले स्थानिय तह वा सम्बन्धित निकायमा दर्ता तथा नविकरण नगरेको खणडमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने गरी निर्णय गरीने छ ।
- स्थानिय तहलाई तिर्नुपर्ने घरबहाल कर बुझाएपछि मात्रै आय कर लिनको लागि राजस्व कार्यालयसँग समन्वय गरिनेछ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइ का साथ कार्यान्वयन गरिनेछ त्यससँगै घमुन्ते तथा पोके व्यवसायहरुलाई निरुत्साहित गरिने छ ।
- उपभोक्ता हितसँग सम्बन्धित विविध सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. कर्मचारी प्रशासन जनशक्ति विकास सुशासन र सार्वजनिक सेवा प्रवाहः

- जनता को सुसुचित हुने अधिकार लाई ध्यानमा राख्दै परिवर्तन गाँउपालिका भित्र यस कार्यालयले प्रवाह गर्ने सेवाको बारेमा अर्धवार्षिक रुपमा हुने सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रसेवक कर्मचारी लाई जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा वृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम एवम तालिम हरु सञ्चालन गरिनेछ ।
- सरकारी तथा सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको अवलम्बन गर्दै भ्रष्टाचार विरुद्धको अभियानमा शुन्य सहनशीलता कायम गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा सन्तुलित, चुस्तदुरुस्त कार्यालय संगठन निर्माण गर्न रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगबाट दक्ष तथा उर्जावान स्थायी कर्मचारीहरु पदपुर्ती गरिनेछ।
- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरिय र प्रभावकारी बनाउन प्रत्येक शाखा तथा कर्मचारीलाई कार्य विवरण बनाई लागु गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नितिको अवलम्बन गरिनेछ।

- सेवा प्रवाह, विकास निर्माण , निति निर्माण तथा नविनतम कार्य लगायतका विषयहरुमा सफल अनुभवहरु आदानप्रदान गर्दै सहकार्य गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुबाट प्रतिनिधिमुलकढगंले अन्य स्थानिय तहको अवलोकन भ्रमणको व्यवस्था पनि गरिने छ ।
- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री बनाउन कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना गरी सेवाग्राहीको सहजतालाई ध्यानमा राखी आवश्यक सहजिकरण गरिनेछ ।
- योजना बैंकको अवधारणा अनुरुप बस्तिस्तरबाट संकलित योजनाहरुलाई योजना बैंकमा समाबेश गरि प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- लेखापरिक्षण गराउने पेश्की र बेरुजुको लगत राख्ने सम्परिक्षण गराउने एवं फर्छ्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धि कार्यलाई विशेष प्राथमिकता दिइ रोल्पा जिल्ला भरीमा सबैभन्दा कम बेरुजु लेखाउन सफल स्थानिय तह को पहिचान लाइ अझै बेरुजु शुन्यमा झार्ने प्रयास गरिनेछ ।
- गाँउपालिकाको गतिविधिलाइ पारदर्शी बनाउन वेवसाइट अद्यावधिक गरि सुचनाको हक सम्बन्धी व्यवस्थालाई पुर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- गाँउपालिकाभित्र का गतिविधिमा एकरुपता ल्याउन को लागि कार्यातालिका सहितको क्यालेन्डर प्रकाशन गरिनेछ ।
- गाँउपालिका को समिपमा रहेको ग्लोबल बैंकलाई सेवाग्राहीमैत्री बनाउन सो निकाय संग आवश्यक समन्वय सहकार्य र सहजिकरण गरिने छ ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्न नागरिक सन्तुष्टि फारम भरेर पनि जानकारी हासिल गरि सेवा लाई अझै परिष्कृत गरि लगिनेछ । त्यसैगरि विभिन्न शाखा द्धारा सामाजिक परिक्षण गरी आफ्नो सेवाको बारेमा वस्तुगत रुपमा जानकारी लिइनेछ।
- विभिन्न योजनाहरुको कागजपत्र कानून बमोजिम सिलसिलेबार रुपमा मिलाउन कठिन देखिएको हुँदा उक्त समस्या समाधान गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरि कार्यालयमा नै विस्तृत खाका (योजना किताब) बनाई उपभोक्ता समितिलाई कागजातहरु मिलाउन सहजीकरण हुने र पालिकाको बेरुजु घटाउन र स्मार्ट पालिका बनाउने कार्य लाइ निरन्तरता दीइनेछ।
- एउटै योजनामा प्रदेश, गाउँपालिका र वडाबाट फरक फरक रकममा बजेट विनियोजन भएको पाइएकोले उक्त कार्य आगामी आ.व.मा पुर्ण रुपमा बन्द गरि एउटा योजनामा एक स्थानबाट मात्र बजेट विनियोजन गर्न प्रयत्न गरिनेछ।

- एउटै संस्था/क्लब लाई विभिन्न निकायबाट फरक फरक शिर्षकमा बजेट विनियोजन गरेको देखिएको हुँदा आगामि आ.व.मा एउटा संस्था/क्लब लाई कुनै एक निकायबाट मात्र बजेट विनियोजन हुनेछ ।
- लेखापरिक्षण गर्दा खर्च भएर नजाने जिन्सी सामानहरु जिन्सी शाखाबाट मात्र खरिद गरी विभिन्न शाखा/वडा कार्यालयहरुलाई माग फाराम भर्न लगाई जिन्सी शाखाबाट नै वितरण गर्न/गराउने व्यवस्था मिलाईने छ ।
- इन्धनको प्रयोग गर्दा कर्मचारी को ओहोदा तथा पद एवम कार्यबोझ तथा आन्तरिक नियन्त्रयण प्रणाली अनुरुप मितव्यायी हिसाब र किफायित ढङ्ग ले गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन :

- जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्न गाउँपालिकाले सोही बमोजिम को कार्यक्रम तय गर्नेछ।
- भु सचुना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन जोखिमको विश्षलेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्युनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी विपद न्युनिकरण प्रतिकार्य र पुनस्थापना को कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

- वन क्षेत्रलाई समृद्धिको आधारको रुपमा विकास गरी बनबाट आम्दानी, रोजगार सिर्जना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र सम्वर्द्धनगरिनेछ ।
- सफा, सुन्दर र हरियाली गा.पा. निर्माणका लागि हरिद सडक, खोला खोल्सामा वृक्षारोपन, बाँस रोपन, रुख तथा बाँसद्धारा तटबन्धन, सामादायिक भवनको संरक्षण,खाली ठाउँमा वृक्षारोपन कार्य अभियानकै रुपमा गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका विभिन्न खालको खानि उत्खनन् गर्नको लागि नेपाल खानी विभागसंग समन्वय गरिनेछ।
- परीवर्तन गाउँपालिका भित्रका खोलानाला का गिट्टि वालुवा जन्य पदार्थहरु कुनै निश्चीत आयोजनाको लागिमात्र अस्थायी रुपमा उपयोग गर्ने गरि अनुमति दिने अवधाराणा अगि बढाइनेछ।
- गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने तर्फ अभियान अगाडी बढाइनेछ ।
- जडिबुटीलाई प्रकृतिको देनको रुपमा मात्र नभई व्यवसायिक खेतिको रुपमा विकास गरिनेछ । वडा स्तरमा वन नर्सरी बनाउन आम जनता लाइ आव्हान गरीनेछ।

- गाउँपालिकाको सौन्दर्यसंग गासिएका विभिन्न खोलाहरुको सफाईमा विशेष ध्यान दिइनेछ । नदी तथा खोलामा विषदी राख्दा माछा लगाएत अन्य जलचरहरुको अस्थित्वनै संकटमा पर्न सक्ने देखिएकोले उक्त कार्यमा स्थानीय प्रहरी प्रशासन संग समन्वय गरि कडाई गरिनेछ ।
- गा.पा. भित्र हुने भूस्खलन, वाढी, पहिरो, आगलागी, भूकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त खोजी, उद्धार र राहत प्रदान कार्य गर्न गा.पा., नेपाल प्रहरी र नेपाल रेडक्रससंग समन्वय गरिनेछ ।
- गाउँपालिकास्तरिय सामुदायिक वन उपभोक्ता समिती हरु संगको सहकार्यमा वन क्षेत्रका लाइ सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विपद् जन्य प्राकृतिक प्रकोपसंग जुधन चाहिने सामान्य खालको औजारहरु खरिद गर्न वजेट विनियोजन गरिनेछ ।
- विश्व वातावरणको दिवसको दिन स्वच्छ वातावरण एवम् हराभरा वस्ती निर्माण गर्ने हेतुले वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपदको प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको विपद व्यवस्थापन कोषलाई सुदृढ गरिनेछ।

**धन्यवाद** **।**

**सुक बहादुर वुढामगर**
**अध्यक्ष**